बागमती प्रदेश सरकार
उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालय
हेटौंडा, नेपाल

# तेस्रो त्रैमासिक प्रतिवेदन

## आ.व. २०८२/८३

## (२०८२ माघ-चैत्र)

बागमती प्रदेश सरकार

## उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालय

हेटौंडा, मकवानपुर ।

बागमती प्रदेश सरकार
उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालय
हेटौंडा, नेपाल

# स्वतः प्रकाशन

नेपालको संविधानको धारा २७ मा प्रत्येक नागरिकलाई सूचनाको हक सम्वन्धी अधिकारको व्यवस्था रहेको साथै सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ तथा सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ मा प्रत्येक सार्वजनिक निकायले आफ्ना निकायसंग सम्बन्धित विवरण त्रैमासिक अवधिमा सार्वजनिक जानकारीको लागि प्रकाशन गर्नुपर्ने कानूनी व्यवस्था रहेको छ। सो सम्बन्धमा यस मन्त्रालयको कार्यश्रेत्र तथा जिम्मेवारी अन्तर्गत मिति २०८२ माघ महिनादेखि चैत्र मसान्तसम्म सम्पादन गरिएका प्रमुख कार्य एवम् प्रगति र मन्त्रालयसंग सम्बन्धित विवरण सार्वजनिक जानकारीको लागि प्रकाशित गरिएको छ।

बागमती प्रदेश सरकार
उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालय
हेटौंडाँ

बागमती प्रदेश सरकार
उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालय
हेटौंडा, नेपाल

१. निकायको स्वरुप र प्रकृतिः

नेपालको संविधानको भाग १३ मा प्रदेश कार्यपालिकाको व्यवस्था भएको र सोही संवैधानिक व्यवस्था बमोजिम बागमती प्रदेश सरकार मन्त्रिपरिषद्को मिति २०८०।०५।०५ को निर्णयबाट उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालयको स्थापना भएको हो। यस मन्त्रालयको प्रमुख कार्यक्षेत्रमा प्रदेश भित्रको उद्योग, कलकारखाना, खानी खनिज, व्यापार तथा वाणिज्य, मानव संशाधन योजना, तालिम नीति एवम् भूमि व्यवस्थापन आदिको नीतिगत एवम् अन्य व्यवस्था आदि पर्दछन्।

२. निकायको काम, कर्तव्य र अधिकारः

बागमती प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०८० बमोजिम यस मन्त्रालयको कार्य जिम्मेवारी देहाय अनुसार रहेका छन्:

१. व्यापार/वाणिज्य र बजार प्रतिस्पर्धा सम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड तथा योजनाको तर्जुमा, कार्यान्वयन एवम् नियमन र सिन्डिकेट तथा कार्टेलिङ नियन्त्रण ।

२. प्रादेशिक व्यापार सम्बन्धी पूर्वाधार निर्माण, प्रवर्द्धन, सहजीकरण, बजार अनुगमन, समन्वय, तथ्याङ्क प्रणाली, बौद्धिक सम्पत्ति संरक्षण, अध्ययन तथा अनुसन्धान र नियमन ।

३. ढुवानी/ परिवहन प्रणाली तथा कार्गो व्यवस्थापन।

४. नेपाल सरकारको सहमतिमा आर्थिक तथा औद्योगिक विषयका करारजन्य सम्झौता।

५. व्यापारिक फर्महरुको दर्ता, नवीकरण, खारेजी र नियमन।

६. खानी तथा खनिज पदार्थको अन्वेषण सम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड र योजना तर्जुमा तथा कार्यान्वयन र योजना तर्जुमा तथा कार्यान्वयन र नियमन एवम् पूर्वाधार विकास, अनुसन्धान, सर्वेक्षण, लगत, संकलन, अभिलेखाङ्कन, अन्वेषण र व्यवस्थापन, प्रादेशिक प्रयोगशालाको स्थापना तथा सञ्चालन र संघसँग समन्वय।

७. भौगर्भिक अध्ययन तथा अनुसन्धान र नक्सा सम्बन्धी।

८. कलकारखाना र औद्योगिकीकरण सम्बन्धी नीति, कानून, मापदण्ड र योजना तर्जुमा, कार्यान्वयन र नियमन

९. उद्योग दर्ता, अनुमति, नवीकरण एवम् खारेजी र औद्योगिक विकास तथा औद्योगिक व्यवसायको प्रवर्द्धन र नियमन।

१०. प्रदेशस्तरको उद्योग क्षेत्रको भौतिक पूर्वाधार विकास सम्बन्धी योजना तर्जुमा र कार्यान्वयन तथा औद्योगिक क्षेत्र र विशेष आर्थिक क्षेत्रको स्थापना, सञ्चालन र विस्तार।

११. औद्योगिक वस्तुको निर्यात प्रवर्द्धन।

१२. सार्वजनिक सेवा, अत्यावश्यक सेवा र वस्तु आपूर्ति सम्बन्धी नीति, कानून तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन।

१३. उपभोक्ता हक अधिकार संरक्षण तथा प्रवर्द्धन, उपभोक्ता जागरण कार्यक्रम तर्जुमा, कार्यान्वयन तथा अनुगमन एवम् सो सम्बन्धमा संघ र स्थानीय तहसँग समन्वय।

बागमती प्रदेश सरकार
उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालय
हेटौंडा, नेपाल

१४. मूल्य र कालोबजारी तथा कृत्रिम अभाव नियन्त्रण नियमन र सो सम्बन्धमा संघ र स्थानीय तहसँग समन्वय।

१५. संघीय मापदण्ड अनुसार स्टयाण्डर्ड वर्गीकरण, गुणस्तर परीक्षण र नियमन।

१६. उपभोक्ता अदालत गठन र सञ्चालन।

१७. अत्यावश्यक वस्तुहरुको प्रादेशिक माग र आपूर्ति सम्बन्धी सूचना संकलन, विश्लेषण, प्रक्षेपण र आपूर्ति व्यवस्था मौज्दातको व्यवस्था र आपूर्तिमा अन्तरप्रादेशिक र स्थानीय तहबीच समन्वय।

१८. लक्षित क्षेत्र र वर्गका लागि वस्तु र सेवामा प्रादेशिक अनुदान नियमन।

१९. करार, साझेदारी र एजेन्सी सम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड, कार्यान्वयन र नियमन।

२०. संघसँगको समन्वयमा कम्पनी स्थापना सम्बन्धी नीति तथा कानून तर्जुमा तथा कार्यान्वयन, नियमन र कम्पनी प्रशासन।

२१. दामासाहीमा परेका उद्योग, व्यवसायीका कम्पनी तथा फर्म व्यवस्थापन सम्बन्धी नीति कानून, मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन।

२२. प्रदेशस्तरमा हानिकारक पदार्थहरुको नियमन तथा व्यवस्थापन।

२३. प्रदेशस्तरमा इन्धनको गुणस्तर अनुगमन।

२४. प्रदेशभित्रका उद्योगहरु र साना, मझौला, घरेलु तथा लघु उद्योगहरु स्थापना र प्रवर्द्धन सम्बन्धमा नीति, कानून तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन।

२५. औद्योगिक तथा व्यापार प्रदर्शनीको आयोजना तथा व्यवस्थापन।

२६. उद्योगमा श्रममूलक प्रविधि र स्वदेशी श्रमिकको उपयोग।

२७. स्वरोजगारको लागि उद्यमशीलता विकास, प्रशिक्षण, सहुलियत कर्जा र व्यवसाय प्रवर्द्धन।

२८. टाट पल्टेको र दामासाही सम्बन्धि।

२९. प्रदेशस्तरीय मानव संशाधन विकास योजना तर्जुमा र कार्यान्वयन।

३०. प्रदेशस्तरीय तालीम नीति तथा मापदण्ड निर्धारण र स्तरीयकरण।

३१. औद्योगिक प्रतिष्ठानहरु सञ्चालन, व्यवस्थापन तथा संघीय सरकारसँगको समन्वयमा अनुगमन तथा नियमन।

३२. भूमि व्यवस्थापन, भूमि प्रशासन र जग्गा नापजाँच, भूमिसुधार, भू-उपयोग तथा चक्लाबन्दी सम्बन्धी प्रादेशिक नीति, कानून तथा मापदण्डको तर्जुमा, कार्यान्वयन र नियमन।

३३. निजी, सरकारी तथा सार्वजनिक जग्गाको प्रादेशिक अभिलेख व्यवस्थापन।

३४. जग्गादर्ता, रजिष्ट्रेशन, जग्गाधनी प्रमाण पुर्जा, दाखिल खारेज, स्वामित्व हस्तान्तरण सम्बन्धी नीति तथा मापदण्ड तर्जुमा र कार्यान्वयन।

३५. संघीय सरकारबाट प्राप्त हुने नक्सा, भौगोलिक सूचना र अभिलेख तथा प्रदेशभित्रको नापनक्सा र अभिलेखको व्यवस्थापन।

३६. नाप नक्साका नियन्त्रण विन्दुहरुको सञ्जाल स्थापना।

बागमती प्रदेश सरकार
उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालय
हेटौंडा, नेपाल

३७. क्रमबद्ध कित्ता नापी र भूमि लगत सम्बन्धी मापदण्ड र कार्यान्वयन।

३८. भूमिहीन सुकुम्बासी, दलित, मुक्त कमैया, हलिया, हरुवा चरुवा आदि वर्गको बसोबास, जीविकोपार्जन र पुनर्स्थापना सम्बन्धी प्रादेशिक नीति, कानून मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन।

३९. सरकारी जग्गा भाडामा दिने सम्बन्धी नीति, कानून तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन।


४०. सुरक्षित बसोबास र जग्गा एकीकरण सम्बन्धी नीति कार्यान्वयन।

४१. गुठी तथा गुठी जग्गा व्यवस्थापन सम्बन्धी नीति, कानून, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन तथा गुठी तथा गुठी जग्गाको संरक्षण, अभिलेख व्यवस्थापन र संघीय तथा स्थानीय तहसँग समन्वय।

## ३. <u>निकायमा रहने कर्मचारीको संगठन संरचना:</u>

३.१ स्वीकृत संगठन तथा व्यवस्थापन सर्वेक्षण अनुसार यस कार्यालयको संगठन संरचना यस प्रकार रहेको छ।

उद्योग, वाणिज्य, भूमी तथा प्रशासन मन्त्रालय हेटौंडा, नेपालको विद्यमान सांगठनिक संरचना



३.२ मन्त्रालयको स्वीकृत दरवन्दी तेरिज देहायबमोजिम रहेको छ ।

**उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालय,हेटौडा**

**दरबन्दी तेरीज**

| क्र.सं. | पद | सेवा/समुह | तह | प्रस्तावित रबन्दी: मौजुदा स्विकृत दरबन्दी | मम का.प. मा स्विकृत अस्थायी दरबन्दी | साविकको स्विकृत दरबन्दीमा घट | साविकको स्वीकृत दरबन्दीमा थप | कायम दरबन्दी | प्रस्तावित अस्थायी |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | प्रदेश सचिव | प्रशासन/सा.प्र. | अधिकृतस्तर एघारौं | १ | | ० | ० | १ | |
| २ | महाशाखा प्रमुख | प्रशासन/सा.प्र. | अधिकृतस्तर नवौं/दशौं | २ | | ० | ० | २ | |
| ३ | महाशाखा प्रमुख | ईन्जिनियर/सर्भे | अधिकृतस्तर नवौं/दशौं | १ | | ० | ० | १ | |
| ४ | अधिकृत | प्रशासन/सा.प्र. | अधिकृतस्तर सातौं/आठौं | ७ | | ० | ० | ७ | |
| ५ | कम्प्युटर इन्जिनियर | इन्जि | अधिकृतस्तर सातौं/आठौं | १ | | ० | ० | १ | |
| ६ | वन अधिकृत | वन/जनरल फरेष्ट्री | अधिकृतस्तर सातौं/आठौं | १ | | ० | ० | १ | |
| ७ | लेखा अधिकृत | प्रशासन/लेखा | अधिकृतस्तर सातौं/आठौं | १ | | ० | ० | १ | |
| ८ | कानुन अधिकृत | न्याय/कानून | रा.प.तृतीय | १ | | ० | ० | १ | |
| ९ | तथ्याङ्क अधिकृत | विविध/प्रशासन | अधिकृतस्तर सातौं/आठौं | ० | | ० | १ | १ | |
| १० | नापी अधिकृत | इन्जी/सर्भे | अधिकृतस्तर सातौं/आठौं | २ | | ० | ० | २ | |
| ११ | मेकानिकल ईन्जिनियर | इन्जि/मेकानिकल | अधिकृतस्तर सातौं/आठौं | ० | ० | ० | ० | ० | १ |
| १२ | भू-गर्भ विद | प्राविधिक | अधिकृतस्तर सातौं/आठौं | ० | | ० | १ | १ | |
| १३ | सर्भेयर | इन्जी/सर्भे | सहायक पाँचौं/अधिकृतस्तर छैठौं | २ | | ० | ० | २ | |
| १४ | सहायक/अधिकृत | प्रशासन/सा.प्र. | सहायक पाँचौं/अधिकृतस्तर छैठौं. | ८ | | ० | ० | ८ | |
| १५ | तथ्याङ्क सहायक | तथ्याङ्क | सहायक पाँचौं/अधिकृतस्तर छैठौं | १ | | ० | ० | १ | |
| १६ | लेखापाल | प्र/लेखा | सहायक चौथो/पाँचौं | १ | | ० | ० | १ | |
| १७ | कम्प्युटर अपरेटर | विविध | सहायक चौथो/पाँचौं | २ | | ० | ० | २ | |
| १८ | कार्यालय सहयोगी | प्रशासन/सा.प्र. | श्रेणी विहिन | ६ | | ० | ० | ६ | |
| १९ | हलुका सवारी चालक | इन्जी/मेकानिकल | श्रेणी विहिन | ४ | | ० | ० | ४ | |
| | | | जम्मा | ४१ | ० | ० | २ | ४३ | १ |

## ४. निकायबाट प्रदान गरिने सेवा:

बागमती प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०८० ले तोकेको कार्यक्षेत्रभित्रका नीतिगत कार्यात्मक निर्णयहरु तथा मातहतका कार्यालयहरुबाट सेवा प्रवाहजन्य कार्यहरु ।

## ५. सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी

बागमती प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०८० ले तोकेको कार्यक्षेत्रभित्रका सेवाहरु स्वीकृत सङ्गठन तथा व्यवस्थापन सर्भेक्ष अनुसारका पदस्थापना वा जिम्मेवारी तोकिएका अधिकारीहरुबाट प्रचलित नियम बमोजिम प्रवाह हुने गरेको छ ।

| सि.नं. | कर्मचारीहरुको नाम | पद | महाशाखा/शाखा |
|---|---|---|---|
| १ | श्री जीवलाल भुसाल | प्रदेश सचिव | – |
| २ | श्री कुमार तामाङ | महाशाखा प्रमुख | प्रशासन तथा योजना महाशाखा |
| ३ | श्री महेशराज पौडेल | महाशाखा प्रमुख | उद्योग तथा वाणिज्य महाशाखा |
| ४ | किशोर सापकोटा | अधिकृत आठौं | उद्योग तथा वाणिज्य शाखा |
| ५ | सुरेन्द्र कार्की | अधिकृत आठौं | प्रशासन तथा योजना शाखा |

बागमती प्रदेश सरकार
उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालय
हेटौंडा, नेपाल

| सि.नं. | कर्मचारीहरुको नाम | पद | महाशाखा/शाखा |
|---|---|---|---|
| ६ | श्री नवराज थापा | वन अधिकृत | वातावरण शाखा |
| ७ | श्री सरस्वती पौडेल | लेखा अधिकृत | आर्थिक प्रशासन शाखा |
| ८ | श्री सुनिल बन्जरा | अधिकृत सातौं | योजना तथा अनुगमन शाखा |
| ९ | श्री अंगद लामिछाने | नापी अधिकृत | भूमि व्यवस्थापन तथा नक्साङ्कन महाशाखा |
| १० | श्री लक्ष्मी हुमागाईं | अधिकृत छैठौं | कर्मचारी प्रशासन शाखा |
| ११ | श्री ध्रुब अर्याल | सर्वेक्षक | भूमि व्यवस्थापन तथा नक्साङ्कन महाशाखा |
| १२ | श्री निशा दाहाल | लेखापाल | आर्थिक प्रशासन शाखा |
| १३ | श्री सन्तोषी तिवारी | क.अ. | कर्मचारी प्रशासन शाखा |
| १४ | श्री रविन्द्र भट्टराई | क.अ. | उद्योग शाखा |
| १५ | श्री महेन्द्र बहादुर क्षेत्री | का.स | दर्ता चलानी शाखा |
| १६ | सुमित श्रेष्ठ | ह.चा.स | |
| १७ | दिपेन्द्र क्षेत्री | ह.चा.स | |
| १८ | मनोज उपाध्याय | का.स | |
| १९ | रिता देवी पन्त | का.स | |
| २० | अनिसा ओझा | का.स | |
| २१ | चमेली बिष्ट | का.स | |

६. <u>सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि:</u>

प्रचलित नियम अनुसार।

७. निर्णय गर्ने प्रक्रिया र अधिकारी:

माननीय मन्त्री, प्रदेश सचिव तथा अधिकार प्रत्यायोजन भएका अधिकारीहरुबाट प्रचलित नियमानुसार निर्णय गर्ने व्यवस्था छ।

८. निर्णय उपर उजुरी सुन्ने अधिकारी:

यस कार्यालयमा विभिन्न शाखा/महाशाखाहरूबाट गरिएका निर्णयहरु उपर मन्त्रालयका प्रदेश सचिवज्यूसमक्ष उजुरी वा गुनासो राख्न सकिनेछ।

बागमती प्रदेश सरकार
उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालय
हेटौंडा, नेपाल

९. **सम्पादन गरेका कामको विवरण:**

आर्थिक वर्ष २०८२/८३ को तेस्रो त्रैमासिक अवधिसम्मा यस मन्त्रालयबाट सम्पादन भएका क्रियाकलाप तथा गतिविधिहरुको विवरण यस प्रकार छ।

- चालु आर्थिक वर्ष २०८२/८३ मा यस मन्त्रालय मातहतका निर्देशनालय र १३ वटै जिल्लाका उद्योग तथा वाणिज्य कार्यालयहरुबाट नियमित रुपमा औद्योगिक तथा व्यापारिक फर्महरु दर्ता तथा नविकरण गरिएको (उद्योग तर्फ ४२६१ र वाणिज्य तर्फ २०२२ नयाँ दर्ता भएको ) ।
- विपद्को समय र दशैं, तिहार लगायतका मुख्य चाडपर्वहरुलाई लक्षित गरी १३ वटै जिल्लाका उद्योग तथा वाणिज्य कार्यालयहरुबाट नियमित एवम् आकस्मिक गरी १५८ पटक बजार अनुगमन गरी ११,०३,००० रकम जरिवाना स्वरुप संकलन गरिएको।
- उत्कृष्ट उद्यमीहरुको पहिचान तथा प्रोत्साहन गर्ने उद्देश्यले उद्योग दिवसको अवसरमा प्रत्येक जिल्लाबाट उत्कृष्ट १३ र प्रदेशभरबाट १ सर्वोकृष्ट गरी १४ उद्यमीहरुलाई नवप्रवर्तन उद्यमी सम्मान गरिएको ।
- प्रचलित वातावरण सम्बन्धी ऐन/कानून बमोजिम **IEE** स्वीकृत गर्नुपर्ने भनी तोकेका १० वटा उद्योगहरुको प्रारम्भिक वातावरणीय परीक्षण र १२ वटा उद्योगहरुको प्रारम्भिक वातावरणीय परीक्षणको कार्य सूची स्वीकृत भएको छ।
- वि.सं. २०८२ भदौ २३ र २४ गते भएको **Gen-Z** प्रदर्शनबाट यस मन्त्रालयको राजश्व संकलनमा महत्वपूर्ण योगदान पुर्याउने बागमती प्रदेश भित्रका मालपोत तथा नापी कार्यालयहरुमा पुगेको भौतिक क्षति पुनःनिर्माण गरी नापी तथा मालपोत सम्बन्धी अत्यावश्यक सेवा प्रवाह सुचारु गर्न मन्त्रालयले कूल रु. ४ करोड ७५ लाख बजेट व्यवस्थापन गरी अख्तियारी प्रदान गरेको छ ।
- जिल्ला स्थित कार्यालयहरुले उद्यमशिलता विकासको लागि चैत्र मसान्त सम्म ९४ वटा सिप विकास तालिम, ३३ वटा उपभोक्ता सचेतना कार्यक्रम सञ्चालन भएका र प्रविधि हस्तान्तरण कार्यक्रमको लागि सूचना प्रकाशन गरी छनौटको क्रममा रहेको ।
- "एक स्थानीय तह, एक प्रमुख उद्योग" र 'एक वडा, एक उद्यम' कार्यक्रम संचालनको लागि आवश्यक **एक स्थानीय तह एक प्रमुख उद्योग कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२ र एक वडा एक उद्यम कार्यक्रम कार्यान्वय कार्यविधि, २०८२** तर्जुमा गरीएको र जिल्लास्थित उद्योग तथा वाणिज्य कार्यालयहरुले कार्यविधि बमोजिम सम्बन्धित जिल्लाका स्थानीय तहहरु संग समन्वय गरी बोटे, माझी, हायू, मुसहर र वनकरिया समुदायको बसोबास भएको स्थानीय तह छनौट गरी स्वरोजगार परियोजना अन्तर्गत सञ्चालन गरीने क्रियाकलापहरु कार्यन्वयनको चरणमा रहेको छ।
- उत्कृष्ट उद्यमीहरुको पहिचान तथा प्रोत्साहन गर्ने उद्देश्यले मंसिर ०९ गते उद्योग दिवसको अवसरमा प्रत्येक जिल्लाबाट उत्कृष्ट १३ र प्रदेशभरबाट १ सर्वोकृष्ट गरी १४ नवप्रवर्तन उद्यमी सम्मान गरिएको छ ।

बागमती प्रदेश सरकार
उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालय
हेटौंडा, नेपाल

- जिल्ला स्थित कार्यालयहरुले उद्यमशिलता विकासको लागि प्रविधि हस्तान्तरण तथा सिप विकास तालिम सञ्चालनको लागि सूचना प्रकाशन गरी कार्यान्वयनको चरणमा रहेको ।
- लघु उद्यमीलाई प्रोत्साहन गर्ने उद्धेश्यले सिन्धुली र ललितपुर जिल्लाका उद्यमीलाई विद्यूत महशुलमा सहुलियत कार्यक्रम संचालन गर्न **स्थिर पुँजी बाहेक बीस लाखसम्म लगानीमा सञ्चालित उद्योगहरुलाई (डेडिकेटेड र फिडर बाहेक) विद्यूत महशुलमा पचास प्रतिशत सहुलियत कार्यविधि, २०८२** तर्जुमा गरी कार्यान्वयनको क्रममा रहेको।
- बागमती प्रदेशभित्र बसोबासरत आर्थिक तथा सामाजिक रुपमा विपन्न तथा सीमान्तकृत **"बोटे, माझी, हायू, मुसहर र वनकरिया समुदायका लागि स्वरोजगार परियोजना संचालन सम्बन्धी कार्यविधि, २०८२"** को तर्जूमा गरी स्वरोजगार कार्यक्रम सञ्चालन मार्फत आत्मनिर्भर र स्वावलम्वन बनाउने उद्देश्यले कार्यान्वयनको चरणमा रहेको छ ।
- नेपाल सरकार उद्योग विभाग, वाणिज्य विभाग तथा ७ वटै प्रदेशका उद्योग तथा वाणिज्य क्षेत्रसंग सम्बन्धित मन्त्रालयका प्रतिनिधिको उपस्थितिमा उद्योग तथा वाणिज्य क्षेत्र विषयमा संवाद तथा छलफल गरिएको।

**१० कार्यालय प्रमुख (प्रदेश सचिव) को नामः** श्री जीवलाल भुसाल

**११ प्रवक्ताको नामः** श्री कुमार तामाङ

**१२ गुनाशो सुन्ने** अधिकारी नामः श्री महेश पौडेल

**१३ सूचना** अधिकारीको नाम र पदः श्री सुनिल बन्जरा (अधिकृत सातौं)

**१४ कार्यालयको Website**: moicla.bagamati.gov.np/

**१५ मन्त्रालयको सम्पर्क नं .** ०५७-५९०२६४,

**१६ इमेलः** moiclrbagamati@gmail.com, moicla@bagamati.gov.np

**१७ <u>ऐन, नियम, विनियम वा निर्देशिकाको सूची:</u>**

प्रमुख ऐनहरुः

- प्रदेश व्यापार तथा व्यवसाय सम्बन्धी ऐन, २०७६ (संशोधन २०८१)
- प्रदेश औद्योगिक व्यवसाय ऐन, २०७६, (संशोधन २०८१)
- प्रदेश हस्तकलाग्राम सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०८१

कार्यविधि, निर्देशिका तथा मापदण्डः

- वार्षिक कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२
- वोटे, माझी, हायू र वनकरिया समुदायको लागि स्वरोजगार परियोजना संचालन सम्वन्धी कार्यविधि, २०८२
- तालिम सञ्चालन सम्बन्धी कार्यविधि, २०८१ (प्रथम संशोधन २०८२)

बागमती प्रदेश सरकार
उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालय
हेटौंडा, नेपाल

- स्थिर पुँजी बाहेक बीस लाखसम्म लगानीमा सञ्चालित उद्योगहरुलाई (डेडिकेटेड र फिडर बाहेक) विद्यूत महशुलमा पचास प्रतिशत सहुलियत कार्यविधि, २०८२
- एक स्थानीय तह एक प्रमुख उद्योग कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२
- एक वडा एक उद्यम कार्यक्रम कार्यान्वय कार्यविधि, २०८२
- प्रविधि हस्तान्तरण कार्यविधि, २०७९ (संशोधन २०८१)
- मेला, महोत्सव, प्रदर्शनी सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८०
- प्रदेशस्तरिय संयुक्त बजार व्यवस्थापन तथा अनुगमन निर्देशिका, २०८०
- सीप विकास पहिचान एवं तालिम संचालन सम्बन्धी कार्यविधि, २०८०
- नवप्रवर्तन उद्यमी सम्मान मापदण्ड, २०८०

## १८ वित्तीय प्रगति

क) चालु र पूँजीगत बजेटको विवरण

| | बजेट उपशीर्षक/कार्यालयको नाम | आ.व. २०८२/८३ को कुल बजेट | | |
|---|---|---|---|---|
| | | चालु | पुँजीगत | जम्मा |
| ३०७०००११ | उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालय | ४३५९०.४५० | ४२०२.५०० | ४७४९२.९५० |
| ३०७००११२ | उद्योग विकास तथा बजार अनुगमन कार्यक्रम | २१२४२६.० | १३५२६०.० | ३४७६८६.० |
| ३०७००१२१ | भूमि व्यवस्थापन तथा | | ३२५०.० | ५५२४९.० |
| ३०७०१०११ | उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय | २४७३६.८०० | २४९१४.० | ४९६५०.८०० |
| ३०७०१०१३ | उद्योग तथा वाणिज्य कार्यालयहरु | १२६६९२.६६० | १९३३९.४०० | १४६०३२.०६० |
| जम्मा | | ४५९४४४.९१० | १८६९६५.६०० | ६४६४१०.८१० |

बागमती प्रदेश सरकार
उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालय
हेटौंडा, नेपाल

ख) चालु र पूँजीगत खर्च शीर्षकको प्रगति विवरण

(रकम रु हजारमा)

| बजेट उपशीर्षक/कार्यालय को नाम | आ.व. २०८२/८३ को चैत्र मसान्त सम्मको जम्मा खर्च | | | खर्च प्रतिशत | | |
|---|---|---|---|---|---|---|
| | | | | वित्तीय | | |
| | चालु | पुंजीगत | जम्मा | चालु | पुंजीगत | जम्मा |
| उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालय | १९६४४.५७९ | ५७.६१३ | १९७०२.१९२ | ४५.०६ | १.४ | ४१.२२ |
| उद्योग विकास तथा बजार अनुगमन कार्यक्रम | ४०६५१.१८८ | २१८७.३९२ | ४२८३८.५८० | १९.१३ | १.६२ | १२.३२ |
| भूमि व्यवस्थापन तथा नक्शाँङ्कन | २६६३६.४१९ | ८७१.८३२ | २७५०८.२५१ | ५१.२२ | २६.८२ | ४९.८ |
| उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय | ९७०४.८१७ | ३६७.८७५ | १००७२.६९१ | ३९.२३ | १.५ | २०.३ |
| उद्योग तथा वाणिज्य कार्यालयहरु | ६९३२५.९६४ | ११८३४.७१० | ८११६०.६७४ | ५४.७८ | ६१.१९ | ५५.५८ |
| जम्मा | १६५९६२.९६८ | १५३१९.४२२ | १८१२८२.३९१ | ३६.१२ | ८.२० | २८.०४ |

बागमती प्रदेश सरकार
उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालय
हेटौंडा, नेपाल

१९ मन्त्रालय तथा मातहतका निकायहरुबाट आर्थिक वर्ष २०८२/०८३ को तेस्रो त्रैमासिक सम्ममा दर्ता भएका उद्योग तथा वाणिज्यको विवरणः

| कार्यालयको नाम | उद्योग दर्ता | वाणिज्य दर्ता |
|---|---|---|
| उद्योग तथा वाणिज्य कार्यालय, रामेछाप | ७८ | २० |
| उद्योग तथा वाणिज्य कार्यालय, रसुवा | ३७ | ७ |
| उद्योग तथा वाणिज्य कार्यालय, काभ्रेपलान्चोक | ५०४ | २२१ |
| उद्योग तथा वाणिज्य कार्यालय, दोलखा | ९२ | ३० |
| उद्योग तथा वाणिज्य कार्यालय, मकवानपुर | ३५२ | २४८ |
| उद्योग तथा वाणिज्य कार्यालय, ललितपुर | ५२१ | ८८ |
| उद्योग तथा वाणिज्य कार्यालय, चितवन | २५१ | २८३ |
| उद्योग तथा वाणिज्य कार्यालय, नुवाकोट | १८६ | १११ |
| उद्योग तथा वाणिज्य कार्यालय, धादिङ्ग | ९२ | ४४ |
| उद्योग तथा वाणिज्य कार्यालय, काठमाडौं | १७३१ | ६६८ |
| उद्योग तथा वाणिज्य कार्यालय, भक्तपुर | २०८ | १४३ |
| उद्योग तथा वाणिज्य कार्यालय, सिन्धुली | १५३ | १२८ |
| उद्योग तथा वाणिज्य कार्यालय, सिन्धुपाल्चोक | ५४ | ३१ |
| उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, हेटौंडा | २ | ० |
| जम्मा | ४२६१ | २०२२ |

बागमती प्रदेश सरकार
उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालय
हेटौंडा, नेपाल

२० मन्त्रालय तथा मातहतका निकायहरुबाट आर्थिक वर्ष २०८२/०८३ को तेस्रो त्रैमासिक सम्ममा वजार अनुगमनको विवरण:

| कार्यालयको नाम | संख्या |
|---|---|
| उद्योग तथा वाणिज्य कार्यालय, रामेछाप | १५ |
| उद्योग तथा वाणिज्य कार्यालय, रसुवा | ६ |
| उद्योग तथा वाणिज्य कार्यालय, काभ्रेपलान्चोक | १८ |
| उद्योग तथा वाणिज्य कार्यालय, दोलखा | २ |
| उद्योग तथा वाणिज्य कार्यालय, मकवानपुर | १२ |
| उद्योग तथा वाणिज्य कार्यालय, चितवन | १९ |
| उद्योग तथा वाणिज्य कार्यालय, धादिङ्ग | ८ |
| उद्योग तथा वाणिज्य कार्यालय, भक्तपुर | २१ |
| उद्योग तथा वाणिज्य कार्यालय, सिन्धुली | १६ |
| उद्योग तथा वाणिज्य कार्यालय, सिन्धुपाल्चोक | १५ |
| उद्योग तथा वाणिज्य कार्यालय, नुवाकोट | ६ |
| उद्योग तथा वाणिज्य कार्यालय, ललितपुर | ० |

बागमती प्रदेश सरकार
उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालय
हेटौंडा, नेपाल

२१ मन्त्रालय तथा मातहतका निकायहरुबाट आर्थिक वर्ष २०८२/०८३ को तेस्रो त्रैमासिक सम्ममा भएका सीपमूलक तालिम तथा उपभोक्ता सचेतना कार्यक्रमको विवरण:

| कार्यालयको नाम | सीपमूलक तालिम संख्या | उपभोक्ता सचेतना कार्यक्रम संख्या |
|---|---|---|
| उद्योग तथा वाणिज्य कार्यालय, रामेछाप | ८ | ४ |
| उद्योग तथा वाणिज्य कार्यालय, रसुवा | ९ | ० |
| उद्योग तथा वाणिज्य कार्यालय, काभ्रेपलान्चोक | १७ | ३ |
| उद्योग तथा वाणिज्य कार्यालय, दोलखा | ४ | ३ |
| उद्योग तथा वाणिज्य कार्यालय, मकवानपुर | १२ | ४ |
| उद्योग तथा वाणिज्य कार्यालय, ललितपुर | ३ | १ |
| उद्योग तथा वाणिज्य कार्यालय, चितवन | ४ | ० |
| उद्योग तथा वाणिज्य कार्यालय, नुवाकोट | २ | १ |
| उद्योग तथा वाणिज्य कार्यालय, धादिङ्ग | ४ | ५ |
| उद्योग तथा वाणिज्य कार्यालय, काठमाडौं | ५ | ४ |
| उद्योग तथा वाणिज्य कार्यालय, भक्तपुर | ५ | ० |
| उद्योग तथा वाणिज्य कार्यालय, सिन्धुली | १० | ५ |
| उद्योग तथा वाणिज्य कार्यालय, सिन्धुपाल्चोक | ११ | ३ |
| उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, हेटौंडा | ३ | २ |
| जम्मा | ९४ | ३३ |

बागमती प्रदेश सरकार
उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालय
हेटौंडा, नेपाल

२२ मन्त्रालय तथा मातहतका निकायहरुबाट आर्थिक वर्ष २०८२/०८३ को तेस्रो त्रैमासिकसम्ममा संकलित राजस्वको विवरणः

| कार्यालयको नाम | राजस्व रकम रु. |
|---|---|
| उद्योग तथा वाणिज्य कार्यालय, रामेछाप | ३४४८३२४ |
| उद्योग तथा वाणिज्य कार्यालय, रसुवा | १४५४६३७ |
| उद्योग तथा वाणिज्य कार्यालय, काभ्रेपलान्चोक | १५७५९२५० |
| उद्योग तथा वाणिज्य कार्यालय, दोलखा | ४२३२८६१ |
| उद्योग तथा वाणिज्य कार्यालय, मकवानपुर | १५०९९५५९ |
| उद्योग तथा वाणिज्य कार्यालय, ललितपुर | ३०१३४१८५ |
| उद्योग तथा वाणिज्य कार्यालय, चितवन | २७८८१३२१ |
| उद्योग तथा वाणिज्य कार्यालय, नुवाकोट | ८८४६४०५ |
| उद्योग तथा वाणिज्य कार्यालय, धादिङ्ग | ७९७७७३८ |
| उद्योग तथा वाणिज्य कार्यालय, काठमाडौं | ७२७५६३१० |
| उद्योग तथा वाणिज्य कार्यालय, भक्तपुर | १०६५०८३१ |
| उद्योग तथा वाणिज्य कार्यालय, सिन्धुली | ८४३४८७५ |
| उद्योग तथा वाणिज्य कार्यालय, सिन्धुपाल्चोक | ४५९९५२५ |
| उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, हेटौंडा | १५१३५० |
| जम्मा | १९,९६,१४,६५७ |

स्रोतः प्र.ले.नि.का अभिलेख